**जातीय समानताको बढावाको निम्ति**
**विद्यमान तथा योजनाबद्ध उपायहरू**

**हङकङ वेधशाला**

हङकङ वेधशाला (HKO) ले आम जनता साथै शिपिंग तथा उड्डयन क्षेत्र लगायतका अन्य विशेष प्रयोगकर्ताहरुको आवश्यकता पूरा गर्न, उच्च स्तरको मौसम विज्ञान सेवाहरु प्रदान गर्दछ । HKO ले आम जनताहरुलाई, उनीहरुको जातीय पृष्ठभूमिका बावजुद, सेवाहरु समान रुपमा प्राप्त हुने सुनिश्चित गर्न विशेष महत्त्व दिन्छ ।

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | ● HKO ले (a) मौसमको पूर्वानुमान गर्न र खराब मौसमको चेतावनी जारी गर्न; (b) हङकङमा वातावरणीय विकिरणको तह बारे जानकारी प्रदान गर्न; र (c) हङकङको मानक समय कायम राख्न र जियोफिजिकल(भौगोलिक विज्ञान), ओसनोग्राफिक (समुन्द्री विज्ञान), एस्ट्रोनोमिकल (खगोल विज्ञान) र जलवायु सम्बन्धित सूचना उपलब्ध गर्ने उत्तरदायित्व लिन्छ। |
| विद्यमान उपायहरू | ● HKOको वेबसाइटमा हङकङको दईवटा आधिकारिक भाषाहरु (चिनियाँ र अंग्रेजी) मा HKO को मौसम चेतावनी र सेवाहरुको जानकारीहरु उपलब्ध छन् । विभिन्न भाषाहरुमा[1] मौसम सम्बन्धी आधारभूत जानकारी प्रदान गर्न निजीकृत मौसम वेबसाईट शुरु गरिएको छ । |
| | ● सर्वसाधारण जनतामा वितरण गर्नका लागि जानकारीमूलक र शैक्षिक पर्चाहरु/पुस्तिकाहरु पनि दुवै आधिकारिक भाषाहरुमा प्रकाशित गरिएका छन् । यसका अतिरिक्त, HKO ले मौसम चेतावनी बारे छ वटा पर्चाहरु विभिन्न भाषामा[1] अनुवाद गरेको छ, जसलाई HKO को वेबसाइटमा[2] अपलोड गरिएको छ । |
| | ● सार्वजनिक शिक्षाका लागि तयार गरिएका अनलाइन भिडियो पाठ्यक्रमहरू, चिनियाँ र अंग्रेजी भाषामा उपलब्ध छन्। |
| | ● HKO मा अवस्थित मुख्य कार्यालयको काउन्टर र श्रोत केन्द्रले विविध जातिका व्यक्तिहरुको आवश्यकता अनुसार भाषाको लागि सहयोग पुर्याउन भाषा पहिचान कार्ड प्रदान गर्दछ । |

---

[1] समावेश गरिएका भाषाहरु हिन्दी, नेपाली, उर्दू, थाई, बहासा इन्डोनेशिया, तागालोग, पञ्जाबी र भियतनामी छन् ।

[2] HKO को वेबसाइट: https://www.hko.gov.hk/en/publica/pubgen.htm..प्रकाशन नं. 20, 23, 25, 33, 35, 44

| | |
|---|---|
| भावी कार्यको मूल्यांकन | ● HKOले विविध जातिका मानिसहरुको आवश्यकताहरू पूरा गर्ने दृष्टिकोणको साथ, सेवाहरु समय-समयमा समीक्षा गर्नेछ । |
| अपनाएका / अपनाउनु पर्ने थप उपायहरु | ● आगामी वर्षहरुमा HKO ले विभिन्न भाषाहरुमा मौसम चेतावनी बारे थप पर्चाहरु र पुस्तिकाहरु उपलब्ध गर्नेछ । <br><br> ● HKO ले विविध जातिका मानिसहरुका आवश्यकताहरु अनुसार शैक्षिक गतिविधिहरु जस्तै HKOको भम्रणहरु आयोजना गर्नेछ। <br><br> ● HKO ले सार्वजनिक शिक्षाको लागि थप द्विभाषिक अनलाइन भिडियो पाठ्यक्रमहरू प्रदान गर्नेछ। |

सोधपुछको लागि, कृपया सहायक विभागीय सचिव (जेनरल)2 मिस्टर जेसन तोङ (Jason TONG) लाई निम्न माध्यमहरु मार्फत सम्पर्क गर्नुहोस्:-


| | | |
|---|---|---|
| टेलिफोन नं. | : | 2926 8039 |
| फ्याक्स नं. | : | 2311 9448 |
| ईमेल | : | mailbox@hko.gov.hk |
| पत्राचार ठेगाना | : | Hong Kong Observatory<br>134A Nathan Road<br>Kowloon<br>Hong Kong |


**हङकङ वेधशाला**
**जून 2024**